नगर कार्यपालिकाको
बैठक संख्या: ४१, २०७९-२०८४
मिति २०८१/०१/१० को
निर्णय प्रमाणित ............

# कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ४१, २०७९-२०८४)

मिति : २०८१ बैशाख १० गते

निर्णयहरु:

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. यस नगरपालिका अन्तर्गत आधारभुत तह कक्षा ८ को अन्तिम नतिजा प्रकाशन सम्बन्धमा प्राप्त उजुरी छानबीनका लागि कोहलपुर नगर कार्यपालिकाको कार्यालयको मिति २०८०/१२/२५ को निर्णयानुसार गठित छानबीन समितिबाट प्राप्त प्रतिवेदन बैठकमा पेश भई छलफल भयो । उक्त समितिको सिफारिस बमोजिम कारवाहीका लागि सिफारिश भई आएका देहायका कर्मचारीहरुका विषयमा देहाय बमोजिम गर्न निर्देशन दिने ।

| सि नं | कर्मचारी/शिक्षकको विवरण | प्रतिवेदनमा प्राप्त सिफारिश समेतका आधारमा कारवाही विवरण | कैफियत |
|---|---|---|---|
| १ | शिक्षा शाखा प्रमुख | निजामती सेवा ऐन, २०४९ को दफा ५५क बमोजिम कारवाही गर्ने र काज फिर्ता गर्ने | |
| २ | शिक्षा शाखा अधिकृत सातौं रविलाल मिजार | निजामती सेवा ऐन, २०४९ को दफा ५९ बमोजिम विभागीय कारवाही र दफा ६४ बमोजिम निलम्बन | |
| ३ | शिक्षा शाखा सहायक पाँचौ बल बहादुर नेपाली | निजामती सेवा ऐन, २०४९ को दफा ५५क बमोजिम | |
| ४ | शिक्षक कर्मचारीहरु | शिक्षा ऐन २०२८ को दफा १७ को उपदफा १(क) बमोजिम | |
| ५ | नगरपालिका स्रोतबाट करारमा नियुक्ति पाई छानबीनको क्रममा कारवाहीको सिफारिश गरिएका शिक्षक वा कर्मचारी | करारनामा बमोजिम सम्झौता भङ्ग गर्ने | |

३. आगामी बैशाख २५ गते कोहलपुर नगरपालिकाको दशौं स्थापना दिवस मनाउने सन्दर्भमा आवश्यक तयारी एवं व्यवस्थापनका लागि नगर प्रमुखको संयोजकत्वमा सम्पूर्ण कार्यपालिका सदस्यहरु सदस्य र प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव रहने गरी एक मूल समारोह समिति गठन गर्ने । मूल समारोह समितिले आवश्यकता अनुसार विभिन्न उपसमितिहरु गठन गरी कार्य जिम्मेवारी प्रदान गर्ने ।

क. अतिथि एवं समारोह व्यवस्थापन उप समिति

ख. खेलकूद तथा अतिरिक्त क्रियाकलाप व्यवस्थापन उप समिति

धौलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ४१, २०७९-२०८४
मिति २०८१/०१/१० को
निर्णय प्रमाणित ............

ग. स्वास्थ्य तथा सरसफाई उप समिति

घ. प्रचार प्रसार, प्रकाशन, पुरस्कार तथा प्रमाणपत्र व्यवस्थापन उप समिति

४. नगरपालिकाको पन्ध्रौं नगर सभाको तयारी सम्बन्धमा तर्जुमा कार्यतालिका माथी छलफल भयो । कार्यतालिका बमोजिम सबै विषयगत समिति, वडा कार्यालय एवं शाखा/उपशाखाहरुले आ-आफ्नो कार्य जिम्मेवारी अनुसारको कार्य गर्ने ।

५. चालु आ.ब. २०८०/०८१ का स्वीकृत वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएका योजनाहरुको २०८० चैत्र मसान्तसम्म मात्र सम्झौता गर्ने भनी मिति २०८०/१२/०७ को कार्यपालिकाको बैठकबाट निर्णय भएकोमा विभिन्न अनुदान निकासाको कार्यमा भएको ढिलाई समेतका कारणले योजनाहरुको सम्झौता गर्ने म्याद २०८१ बैशाख २५ गतेसम्म थप गर्ने ।

६. यस नगरपालिका अन्तर्गत देहायका योजनाहरुलाई बहुवर्षीय आयोजनाका रुपमा स्वीकृत गरी खरिद प्रकृया अघि बढाउने ।

क. रत्न राजमार्ग हुँदै वीर बहादुर शाहीको घर देखि बालकुमार शर्माको घर सम्म पक्की नाली निर्माण र बाटो स्तरोन्नती, कोहलपुर २ (चालु आ.ब.मा वडा तर्फ विनियोजित बजेट सि.नं. २०९ र २१० को रु.१० लाख)

ख. दुर्गा मन्दिरदेखि पश्चिम हिरा रानाको घरसम्म कालोपत्रे, कोहलपुर ५ (चालु आ.ब.मा वडा तर्फ विनियोजित बजेट सि.नं. २५९ को रु.१० लाख ५३ हजार)

७. कोहलपुर नगरपालिका वडा नं. ११ स्थित महेन्द्र राजमार्ग शिव फर्निचर देखि भोला टोल हुँदै रत्न राजमार्ग जोड्ने सडक कालोपत्रे योजना लुम्बिनी प्रदेश सरकारबाट बजेट बिनियोजन भई कार्यान्वयनमा रहेकोमा उक्त योजनालाई बहुवर्षीय आयोजनाको रुपमा अगाडी बढाईदिन सम्बन्धित निकायमा सिफारिस गर्ने ।

८. कोहलपुर नगर शिक्षा समितिको मिति २०८०/१२/२३ गतेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

९. यस नगरपालिका अन्तर्गत रहेको रोजगार सेवा केन्द्रमा रोजगार संयोजक पदमा कार्यरत कर्मचारी श्री जंग बहादुर बि.सी. ले मिति २०८१/०१/१२ गते देखि लागु हुने गरी पेश गरेको राजिनामा स्वीकृत गरी उक्त रिक्त पदमा कार्यबिधि बमोजिम करारमा पदपूर्तिका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने।

धौलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत